बुटवल टुडे २०८२।१।६

## डिभिजन वन कार्यालय, कपिलबस्तु, (कपिलबस्तु), तौलिहवा

# खडा रुख लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८२।०१।०७**

यस कार्यालय अन्तर्गत बाणगंगा सिंचाइ व्यवस्थापन कार्यालयको नहरको राइट अफ वे मा परेका ११२८.४४ क्यु.फि. काठ र ४.९१ चट्टा दाउरा मुल्याङ्कन भएका सुकेका सिसौ जातका रुखहरु थान २०७ जे जस्तो अवस्थामा छ आफ्नै खर्चमा कटानमुछान गरी लगत अनुसार प्राप्त काठ,दाउरा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सुचिकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र वन निर्देशनालय, बुटवल वा यस कार्यालयबाट बोलपत्र खरिद गरी सिलबन्दी बोलपत्र २२ (बाइसौं) दिनको अपरान्ह १२:०० बजे भित्र दाखिला गर्न आव्हान गरिन्छ। बिस्तृत सूचना यस कार्यालयको सूचना पाटीमा हेर्न सकिने छ।

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, कपिलवस्तु,
तौलिहवा, कपिलवस्तु

ईश्वरी प्रसाद पौडेल
सिनियर डिभिजनल वन अधिकृत